“समृद्ध, बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार”

## बगनासकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## चिर्तुङ्गधारा, पाल्पा

## बिषयगत शाखाहरु तर्फको

# अर्धवार्षिक प्रगति प्रतिवेदन

आ. व. २०७९।०८० को

(२०७९।४।१ देखि २०७९।९।३० सम्म)

# अर्धवार्षिक सम्पादन गरेको प्रगति विवरण

## योजना शाखा तर्फ

### १) उपभोक्ता शिक्षा (तालिम) सम्पन्न

यस गाउँपालिकाबाट आ.व. ०७९।०८० मा वडास्तरीय आयोजना तथा कार्यक्रमहरु संञ्चालन गर्नका लागि उपभोक्ता समितिका अध्यक्ष र सचिवलाई २०७९।५।२६ गतेदेखि २०७९।०६।०७ गतेसम्म देहाय अनुसार उपभोक्ता शिक्षा (तालिम) सम्पन्न भएको छ । यस कार्यबाट उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना सम्झौता तथा फरफारक गर्न आउदा सहज हुने विश्वास गरिएको छ ।

| वडा नं. | वडाको नाम | सञ्चालन मिति | महिला | पुरुष | जम्मा | आयोजना संख्या |
|---|---|---|---|---|---|---|
| १ | चिर्तुङ्गधारा | २०७९।०६।०४ | २८ | ५२ | ८० | ३१ |
| २ | पोखराथोक | २०७९।०६।०२ | २२ | २९ | ५१ | १९ |
| ३ | नायरनम्तलेस | २०७९।०५।२६ | १२ | २६ | ३८ | २० |
| ४ | खानीछाँप | २०७९।०६।०५ | १६ | ४२ | ५८ | २१ |
| ५ | दर्लमडाँडा | २०७९।०६।०६ | ७ | २७ | ३४ | १३ |
| ६ | यम्घा | २०७९।०६।०७ | ११ | ३७ | ४८ | १४ |
| ७ | खानीगाउँ | २०७९।०५।३१ | २२ | ३२ | ५४ | २४ |
| ८ | बराङ्दी | २०७९।०५।३१ | २३ | २९ | ५२ | २३ |
| ९ | चापपानी | २०७९।०६।०३ | १६ | २९ | ४५ | २० |

## हाल सम्मको योजनाहरु विवरण

| वडा नं. | नाम | योजना सम्झौता संख्या | | | योजना सम्पन्न संख्या | | | प्राविधिक मुल्यांकन |
|---|---|---|---|---|---|---|---|---|
| | | गत महिना सम्मको | यस महिनाको | जम्मा | गत महिना सम्मको | यस महिना को | जम्मा | जम्मा |
| १ | चिर्तुङ्गधारा | १५ | १३ | २८ | ०० | ०१ | ०१ | |
| २ | पोखराथोक | १९ | ०२ | २१ | ०१ | ०० | ०१ | |
| ३ | नायर नम्तलेस | १९ | ०३ | २२ | ०१ | ०१ | ०२ | |
| ४ | खानीछाप | १९ | ०० | १९ | ०० | ०० | ०० | |
| ५ | दर्लमडाँडा | ०९ | ०२ | ११ | ०० | ०० | ०० | |
| ६ | यम्घा | १३ | ०१ | १४ | ०२ | ०१ | ०३ | |
| ७ | खानीगाँउ | २३ | ०४ | २७ | ०० | ०४ | ०४ | |
| ८ | बराङ्गदी | १८ | ०२ | २० | ०२ | ०२ | ०४ | |
| ९ | चापपानी | १४ | ०१ | १५ | ०० | ०१ | ०१ | |
| जम्मा | | १४९ | २८ | १७७ | ०६ | १० | १६ | ३३,८०,९९२।६० |

## हाल सम्मका अन्य कार्य :

१.बगनासकाली गाँउपालिका अर्न्तगतका रहेका मुख्य वजारहरुको पहिलो चरणको वजार अनुगमन कार्य सम्पन्न गरि म्याद गुज्रेका अखाद्य बस्तु बरामद गरिएको र खाद्य तथा गुणस्तर सम्बन्धि चेतना अभिबृद्धिका कार्यक्रम गरि उपभोक्ताहरुलाई सचेत गराउने कार्य गरिएको ।

२. समपुरकतर्फ (गाउँपालिका र प्रदेश सरकार समपुरक) का ४ वटा योजनाहरुको सम्झौता गरि कार्यादेश दिईएको ।

- घोरवन्दा -ठूलाचौर-पिप्ले-मोटरबाटो पिच
- आर्यभन्ज्याङ्ग- सिंचास -पोखराथोक -देउराली मोटरबाटो स्तर उन्नती
- दोवाटो -वडा कार्यालय- मिलनचोक मोटरबाटो पिच
- बुल्ठाँकी–देउराली–मोटरबाटो पिच वडा नं ८

३. बगनासकाली गाउँपालिकाका बिभिन्न वडास्तरमा गई १३६ वटा योजनाको सम्झौता तथा बैंक खाता सञ्चालनको कार्य सम्पन्न गरिएको ।

४. बगनासकाली गाँउपालिकाको निर्माणाधिन प्रशासकीय भवनको पिल्न्थलेवल सम्मको निर्माण कार्य सम्पन्न भएको ।

५. १५ शैयाको आधारभूत अस्पतालको लेआउट गरि जग खन्ने कार्य सम्पन्न भएको ।

## बजार अनुगमन तर्फ

मिति २०७९।०६।१० गतेका दिन बगनासकाली गाँउपालिका वडा नं १,२,३,४,५,७,८ र ९ अर्न्तगतका बजारमा रहेका पसलहरुको अनुगमन गर्दा निम्नानुसार देखिएको ब्यहोरा अनुरोध छ ।

| अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति/वस्तुहरु | अनुगमनको विवरण ( परिमाण,अवस्था र अन्य कुराहरु)ब्यबसायिकप्रतिष्ठान संस्था | सामान जफत/बरामदी( नाम/परिमाण) | नष्ट गरिएको बस्तुको नाम/परिमाण) | सिलबन्दी गरिएको मात्रा /संख्या | गरिएको नमुना संकलन मात्रा /संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| बगनासकाली गाँउपालिका वडा नं १,२,३,४,५ ,७,८ र ९ अर्न्तगतको बजार | किराना पसल होटल ,जंक फुड,पेय पदार्थ,खाद्य पदार्थ,मासु पसल | ३७ वटा पसल | मार्रा, जिता चिया ,टाईगर,वियर,मोति चिया, किस्मीस,सुजि,वेसन,हाडे बदाम,चार्ट मसला,काजु सेन्चुरीम.म. मसला,मोति चिया,गोल्डी मसला,प्राउन, वेसन,सौफ,पकौडा पिठो, हाडे बदाम, चिउरा | मार्रा, जिता चिया ,टाईगर ,वियर,मोति चिया,किस्मीस,सुजि, वेसन,हाडे बदाम,चार्ट मसला,काजु सेन्चुरी म.म.मसला,मोति चिया,गोल्डी मसला,प्राउन, वेसन,सौफ,पकौडा पिठो,हाडे बदाम, चिउरा गरि जम्मा रु. १७,६७५। मुल्य वरावरको म्याद गुज्रेका अखाद्य सामान मुचुल्का गरि नष्ट गरिएको | छैन<br>रु. १७,६७५। मुल्य बराबरको म्याद गुज्रेका अखाद्य बस्तुहरु जफत गरि नष्ट गरियो । | छैन | मुल्यसूचि राख्न र म्याद गुज्रेका सामान Expire Zone वनाएर राख्न,कारोवार थप गरेर मात्र ब्यबसाय गर्न र खाद्य र अखाद्य बस्तु अलग अलग राख्न सुझाव, ब्यबसाय दर्ता गर्न ,बोर्ड राख्न ,मुल्य सुचि राख्न,सामान खरिद गर्दा उत्पादन र प्रयोग गर्न मिल्ने -म्याद सकिने)मिति हेरेर खरिद गर्न |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सुझाव दिईयो । |

- ✓ बगनासकाली गाउँपालिका,पाल्पाको आयोजनामा आ.ब. ०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रमअर्न्तगत बाणिज्य तथा ब्यापार अनुगमन कार्यक्रम कार्यान्वयनको क्रममा संयुक्त बजार अनुगमन कार्यक्रम बगनासकाली गाउँपालिकाको आयोजना र घरेलु तथा साना उद्योग कार्यालय,जिल्ला प्रशासन कार्यालय र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको समन्वयमा गरियो ।
- ✓ अनुगमन कार्यमा जिल्ला स्थीत सरोकारवाला कार्यालय र अन्य सरोकारवालाहरुको सहभागीतामा गरिएको थियो ।
- ✓ अनुगमनका क्रममा  घरेलु तथा साना उद्योग कार्यालय र बगनासकाली गाउँपालिकाको कार्यालयमा  दर्ता भै सञ्चालित  बिभिन्न किराना पसल, मासु पसल, होटल ब्यबसाय आदीको दर्ता नविकरण, मुल्य सुचि,बस्तु तथा सेवाको गुणस्तर, नापतौलको प्रमाण,स्थायी लेखा नं, विल लिने दिने प्रक्रिया लगायतका बिषयहरुको अनुगमन गरिएको थियो ।

## अनुगमनमा देखिएका कमजोरीहरु

- ➢ पसल दर्ता नभएका
- ➢ नविकरण नगरेका
- ➢ पसलको बोर्ड नभएको
- ➢ मुल्य सूचि नराखेको
- ➢ विल नभएको
- ➢ म्याद गुज्रेका सामान
- ➢ डवल लेवल लगाएका सामान

## सुधारका लागी चालिएका कदम

- ✓ दर्ता गरि पसल सञ्चालन गर्न
- ✓ नविकरण गर्न
- ✓ मुल्य सूचि राख्न
- ✓ छाप,विल छपाउन
- ✓ उद्धेश्य अनुसार ब्यापार गर्न

## गरिबी निवारणका लागि लघु उद्यम विकास कायक्रम अन्तगत

- आर्थिक वर्ष २०७८/०७९ मा मेड्पा कार्यक्रम अन्तर्गत गरिएका सम्पूर्ण क्रियाकलापहरुको प्रगति प्रतिवेदन तयार गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल उद्यम विकास सहजकर्ता महासंघमा पठाइयो ।
- आ.व. २०७८/०७९ मा गरिएका क्रियाकलापहरुको डाटा इन्ट्री गरियो ।
- तालिम प्राप्त उद्यमीहरुलाई व्यावसायिक बनाउन परामर्श तथा सहजीकरण गरियो ।
- पुराना उद्यमीहरुको अवस्था पहिचान गरी स्तरोन्नति तालिमको लागि डाटा सकलन गरियो ।
- आ.व.२०७९/८० मा मेड्पा कार्यक्रम सञ्चालनका लागि वार्षिक कार्ययोजना तयार गरियो ।
- आ.व.२०७९/८० मा मेड्पा कार्यक्रम सञ्चालनका लागि उद्यम विकास समिति र अनुगमन उपसमितिको गठन गरियो ।
- यस आ.व.२०७९/०८० मा मेड्पा कार्यक्रम सञ्चालन गर्नका लागि वडाहरु छनौट गरियो ।

## शिक्षा शाखा तर्फ

- ➢ गाउँपालिका स्तरीय IEMIS तालिम सम्पन्न गरि IEMIS भराउने कार्य सम्पन्न ।
- ➢ आ.व. २०७८/०७९ को कार्य प्रगती विवरण तयारी तथा त्यसको समिक्षा साथै सम्बन्धित निकायमा पठाउने कार्य सम्पन्न ।

- आ.व. २०७९/०८० को बार्षिक कार्यक्रमको बारेमा छलफल र अध्ययन अभिमुखिकरण ।
- गाउपालिका स्तरीय शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन गर्ने कार्य सम्पन्न ।
- गाउपालिका स्तरीय कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन गर्ने कार्य सम्पन्न ।
- गाउपालिका स्तरीय शिक्षकहरुको आ.व. २०७८/०७९ को सम्पती विवरण भराई सम्बन्धित निकायमा पठाउने कार्य ।
- आ.व. २०७९/२०८० को प्रथम र दोश्रो त्रैमासिक शिक्षक तलव भत्ता निकासा सम्बन्धि कार्य ।
- प्र.अ. बैठक तथा शिक्षा समिति बैठक गरि शैक्षिक अवस्था र भावी कार्यकको बारेमा छलफल ।
- पालिका स्तरीय कक्षा ८ को ग्रेडसिट तयार गरि पठाउने कार्य सम्पन्न ।
- कक्षा ३ को स्थानिय पाठ्यपुस्तक लेखन, छपाई तथा वितरण कार्य सम्पन्न ।
- प्रथम त्रैमासिक परिक्षा तथा अर्धवार्षिक परीक्षा सम्पन्न ।
- मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको छनौट तथा वितरण कार्य सम्पन्न ।
- आवासिय रुपमा स्काउट आधारभुत बिटिसि/पिटिसी तालिम सञ्चालन ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई तर्फ

- आ.व.२०७९।०८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य सवै वार्ड (९ वटै) का ३०८७ जना लाभग्राहीहरूको सञ्चार पहुँच अभियान, विभागीय पत्रानुसार परिपत्रसहित वार्डमा समन्वय, सहकार्यगरी नविकरण सम्पन्न ।
- सवै वार्डमा सामाजिक सुरक्षा र घट्ना दर्ताको अभिलेख प्रणालीमा सुरक्षित राख्ने प्रयोजनार्थ VPN प्रणाली जडानगरी सो प्रणालीमार्फत कार्यसञ्चालनमा सहजीकरण एवम् समन्वय ।
- सामाजिक सुरक्षा भत्ता वितरण गाउँ र वडास्तरमा वितरण गर्ने व्यवस्था मिलाउन गठित कार्यदलको नियमित बैठक बसी बैंक, वडा र कर्मचारीको समन्वयमा चालु आ.व.को प्रथम सामाजिक सुरक्षा भत्ता १२१४ जनालाई वडातहबाटै वितरण सहकार्य ।
- मलेप, लिजाको लागि आवश्यक कागजात तयार गरी सम्बन्धित फाँटमा पेशसहित सामाजिक सुरक्षा र घटनादर्ता गुनासो, विवरण अद्यावधीमा वडातमा नियमित समन्वय ।
- आयोजना समन्वय समिति, गुनासो सुनुवाई समिति गठन एवम् घटना दर्ता शिविर सञ्चालनार्थ आवश्यक बजेटका लागि विभागमा पत्राचार, नियमित विभागीय पत्रको वडास्तरमा परिपत्र तथा समन्वय सहकार्य ।
- बगनासकाली आवाजको १५ अंक प्रकाशनमा सम्पादन सहजीकण एवम् पालिकाका नियमित गतिविधिको मिडिया कभरेज लगायत अन्य दैनिक शाखाका कार्यसम्पादनमा नियमितता ।
- तेह्रौं गाउँसभा, चौमासिक प्रगती समिक्षा लगायतका कार्यालयका विभिन्न कार्यक्रमहरूमा सहयोग तथा मिडिया कभरेज ।
- पौष महिनाको मासिक प्रगति सहितको विवरण सम्पादन समन्वय गरी गाउँपालिकाको इ-बुलेटिन प्रकाशनको कार्यसम्पादन सम्पन्न ।

## सामाजिक सुरक्षा भत्ता तथा स्वास्थ्य शिविरको संख्यात्मक विवरण

| क्रम संख्या | वडाको नाम | वितरण मिति र स्थान | सासु भत्ता प्राप्त गर्ने लाभग्राही संख्या | भत्ता रकम वितरण संख्या | स्वास्थ्य परीक्षण गरिएको संख्या | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | |
| १ | खानीगाउँ | आश्विन २८ गते | २८३ | १६० | ४७ | ३० | ७७ |
| २ | बराङ्दी | आश्विन २९ गते | १४५ | ६५ | ३४ | ११ | ४५ |
| ३ | चापपानी | आश्विन २९ गते | ३५३ | १५१ | ३४ | १२ | ४६ |
| ४ | खानीछाप | आश्विन ३० गते | २४९ | १४७ | ५० | २५ | ७५ |
| ५ | दर्लमडाँडा | आश्विन ३१ गते | २८४ | १४९ | ५१ | २८ | ७९ |
| ६ ७ | यम्घा | कार्तिक १ गते गुँगा | ५८२ | १४१ | ११४ | ३५ | १४९ |
| | | कार्तिक २ गते ठूलापोखरा | | १३७ | | | |
| | नायरनम्तलेस | कार्तिक ३ गते | ३२३ | १४१ | ६३ | ३१ | ९४ |
| ८ | पोखराथोक | कार्तिक ४ गते | ३२५ | १२३ | ५२ | १८ | ७० |
| | | जम्मा | २५४४ | १२१४ (४७.७२%) | ४४५ | १९० | ६३५ |

## सुचना प्रबिधि शाखा तर्फ

- सवै शाखा तथा वडा कार्यालयहरुमा भएका कम्प्युटर तथा उपकरणहरु मर्मत तथा अवस्था परिक्षण ।
- राजश्व सफ्टवेयर अपडेट तथा संचालन ।
- वडा सचिव तथा कर्मचारीहरुलाई अनलाइन व्यवसाय दर्ता तालिम संचालन ।
- विषयगत शाखाहरुमा भएका प्राविधिक समस्याको सहजिकरण ।
- निर्वाचन आयोग, प्रदेश तथा संघीय मन्त्रालयबाट माग भएका विवरण संकलन तथा पठाइएको ।
- नियमित वेभसाइट अपडेट तथा विवरण संप्रेशण
- राजश्वका दरहरु सफ्टवोयरमा अपलोड ।
- सार्वजनिक स्थानमा रहेका सिसि टिभी क्यामेरा मर्मत तथा संचालन ।
- अनलाइन व्यवसाय दर्ता तथा नविकरण तालिम सम्पन्न ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन तथा वित्तीय जोखिम मूल्याङ्कन गर्ने काम सम्पन्न ।

## कृषि शाखा तर्फ

| क.स | कार्यक्रम बिवरण | महिना | इकाई | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना प्रकाशन | साउन | १ | रासायनिक मल बिक्रि अनुमतिपत्र नविकरण |
| | अनुदानको मल वितरण तथा व्यवस्थापन स्थानीय समितिको बैठक | | १ | रासायनिक मल बिक्रेता सहकारीलाई युरिया मल(४०६ बोरा)को कोटा निर्धारण |
| | फिल्ड अनुगमन | | ६ | अकबरे खुसार्नी, धानबाली, मकै, टमाटर, अदुवा, वेसार |
| | सहकारी तथा समुह नविकरण | | ५ | |
| | मासिक कर्मचारी बैठक | | १ | काउली, बन्दा, मूला सागको मिनिकिट वितरण गर्ने निर्णय |
| २ | फिल्ड अनुगमन | भाद्र | ८ | विभिन्न वडाहरुमा काउली बन्दाको नर्सरी ब्याड निरीक्षण |
| | कृषक समूह बैठक | | ६ | विभिन्न वडाहरुमा |
| | कृषि संजाल पुर्नगठन | | ५ | खानिगाउँ,बराङ्गदी, पोखराथोक,नायर,चिर्तुङ्गधारा |
| | उन्नत तथा हाइब्रिड विउ विजन वितरण | | १ | काउली र साग |
| | सूचना प्रकाशन | | २ | गहूँको बिउ माग सम्बन्धि, रासायनिक मल बिक्रि कृषि सहकारी सुचिकृत सम्बन्धि |
| | कृषक समूह तथा कृषि फार्म दर्ता / नविकरण | | १३ | |
| | मासिक कृषि कर्मचारी बैठक | | १ | आ.व. २०७९/८० को स्वीकृत कृषि कार्यक्रमहरुको सूचना निकाल्ने निर्णय |
| ३ | फिल्ड अनुगमन | आश्विन | ८ | विभिन्न वडाहरुमा काउली बन्दा ब्रोकाउलीको नर्सरी ब्याड निरीक्षण |
| | कृषक समूह बैठक | | ८ | विभिन्न वडाहरुमा |
| | कृषि संजाल पुर्नगठन | | १ | यम्घा |
| | सूचना प्रकाशन | | १ | बाली विशेष एक बडा एक उत्पादन पकेट क्षेत्र निर्माण कार्यक्रम, मागमा आधारित कृषि कार्यक्रम, उत्पादनमा आधारित अनुदान कार्यक्रम |
| | कृषक समूह तथा कृषि फार्म दर्ता / नविकरण | | ०६ | |
| | मासिक कृषि कर्मचारी बैठक | | १ | आ.व. २०७९/८० को स्वीकृत कृषि विकास कार्यक्रम अर्न्तगत कृषि प्राविधिकलाई मौरीको तालिम लिने निर्णय |

- रासायनिक मल बिक्रेता सहकारीहरुलाई युरिया मल १,२१८ बोरा र डि.ए.पी. मल ७९८ बोराको कोटा निर्धारण गरिएको ।
- उन्नत तथा हाइब्रिड बीउ बिजन वितरण कार्यक्रम अन्तर्गत काउली १३५ प्याकेट र सागको ४५० प्याकेट बीउ वितरण गरिएको ।
- मागमा आधारित कृषि कार्यक्रम, उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम, बाली बिशेष पकेट क्षेत्र निर्माण कार्यक्रमको सूचना प्रकाशन गरि माग संकलन गरिएको ।
- गहुँको बीउ माग सम्बन्धी प्रकाशित सूचना अनुसार उन्नत गौतम जात ८,००० के.जी., भृकुटी जात २,६८० के.जी. र गौतम जात मूल बीउ ५२० के.जी.वितरण गरिएको ।
- एक वडा एक उत्पादन पकेट क्षेत्र निर्माण अर्न्तगत वडा नं. १ मा कार्डिनल जातको आलु ६,८१८ के.जी. र वडा नं. ६ मा पोखेली निलो आलु ४,००० के.जी. वितरण गरिएको ।

## आर्थिक प्रशासन शाखा तर्फ

यस आर्थिक प्रशासन शाखाबाट हालसम्म सम्पादन गरिएका कामहरु निम्नानुसार रहेको ब्यहोरा जानकारीकारीका लागि अनुरोध छ ।

१. आ.ब. २०७८।०७९ को राजश्व खाता, खर्च खाता, धरौटी खाता, विविध खाता र संचित कोष खाताको एकीकृत आर्थिक विवरण तयार गरी सम्बन्धि संघीय मन्त्रालय तथा प्रदेश मन्त्रालयमा पेश गरिएको ।

२. आ.ब. २०७८।७९ को आन्तरिक लेखापरिक्षणका लागि आवश्यक सहयोग गरी आन्तरिक लेखापरिक्षण सम्पन्न गराइएको ।

३. अन्तर सरकारी अख्तियारी अन्तर्गत को.ले.नि.का कार्यालयबाट आ.ब. २०७८।७९ का लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम र एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरिक्षण गराइएको ।

४. आर्थिक बर्ष २०७८।७९ मा गाउँपालिकाबाट गरीएको सम्पुर्ण आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण गराइएको ।

५. आ.ब. २०७९।०८० का लागि प्रथम त्रैमासिक सामाजिक सुरक्षा रकम निकासा गरीएको ।

६. आ.ब. २०७९।०८० का लागि बाह्यौ गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटलाई स्थानीय संचित कोष ब्यवस्थापन प्रणाली (Sutra) मा प्रविष्टि गरी अन्तिम रुप दिइ प्रणालीबाट स्वीकृत गरीएको ।

७. आ.ब. २०७९।०८० का लागि बाह्यौ गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रम र बार्षिक बजेट र आर्थिक ऐन प्रकाशन गरीएको ।

८. २०७९ हालसम्मको सम्पूर्ण पारिश्रमिक भुक्तानी गर्दा कट्टी गरीएको क.सं.कोष बापतको फाँटबारी क.सं कोष को कार्यालय बुटवलमा दाखिला गराइएको ।

९. आ.ब. २०७९।८० को वित्तीय प्रगतिको यथार्थ विवरण

चालु खर्चतर्फ : ३९.५९ प्रतिशत

पुजीगत खर्च तर्फ : १२.८ प्रतिशत

कुल बजेट खर्च : ३०.७५ प्रतिशत

१०) आ.ब. २०७९।०८० को हिउँदे गाउँसभामा कार्यान्वयन गर्न नसकिएका वार्षिक आयोजना तथा कार्याक्रमहरु संशोधित आयोजना तथा कार्यक्रमको तयार गर्न सहयोग गरिएको ।

११) अन्तरसरकारी अख्तियारी अन्तर्गत को.ले.नि.का.बाट आ.व. २०७८/०७९ का लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम र एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराइएको ।

१२) आर्थिक वर्ष २०७८/०७९ मा गरिएको सम्पूर्ण आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण गराइएको ।

१३) आ.व. २०७९/०८० का लागि प्रथम त्रैमासिक सामाजिक सुरक्षा रकम निकासा गरिएको ।

१४) आ.व. २०७९/०८० का लागि बाह्रौ गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी अन्तिम रुप दिई प्रणालीबाट स्वीकृत गरिएको ।

१५) महालेखा परिक्षकको कार्यालयबाट भएको आ.व. २०७८/०७९ को अन्तिम लेखापरिक्षणबाट औल्याइएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रतिक्रिया पेश गरिएको ।

## आन्तरिक लेखापरीक्षण तथा सहकारी शाखा तर्फ

- सहकारी सञ्जालको पुनर्गठन ।
- सहकारी सञ्जाल बैठक २ वटा ।
- सहकारीका व्यवस्थापक तथा कर्मचारीलाई लाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा विवरण प्रविष्टी गर्ने वारेमा बारेमा १ दिने अभिमुखिकरण गरिएको ।
- सहकारी अनुगमन १० वटा ।
- सहकारीका अध्यक्ष तथा व्यवस्थापकलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली ( COPOMIS) को वारेमा बारेमा सामान्य अभिमुखिकरण गरिएको ।
- सहकारी आधारभुत लेखा तालिम ५ दिनको सम्पन्न ।

आन्तरिक लेखापरीक्षण

आर्थिक वर्ष २०७८/०७९ को आन्तरिक लेखापरीक्षण सम्पन्न ।

## नापी तथा नक्सा शाखा तर्फ

नापी तथा नक्सा शाखा अर्न्तगत चौमासिक(श्रावण, भाद्र, असोज, कार्तिक, मंसिर र पौष) महिनामा तपसिल बोमजिमका कार्यहरु सम्पन्न गरिएको छ ।

- घर नक्सा पासका लागी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सूचिकृतका लागी १५ दिने सुचना प्रकाशन गरिएको ।
- ईन्जिनियरिङ्ग कन्सल्टेन्सीहरुको सूचिकृत तथा नविकरण गरिएको ।
- घर नक्सा सम्वन्धी सम्पूर्ण विवरण सामान्य प्रशासन मन्त्रालय पठाईएको ।
- भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि लगत संकलन सम्वन्धी ३ पटक सूचना प्रकाशन गरिएको ।
- भूउपयोग ऐन, २०७६ को दफा १८ अनुसार स्थानीय भूउपयोग कार्यन्वयन समिति गठन प्रस्ताव कार्यपालिकामा पेश गरिएको ।
- बगनासकाली गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रशासकीय भवनका तथा चिर्तुङ्गधारा वडा नं १ मा अवस्थित १५ शैया हस्पिटलको भवनका नक्सा पास प्रक्रियामा लगिएको ।
- जग्गाको वर्गीकरण प्रयोजनको लागी भूउपयोग नक्सा डाटा नापी विभाग बाट ल्याईएको साथै प्राविधिक सहयोग उपलब्ध गराउन नापी विभागमा माग गरिएको ।
- सडक डिभिजन कार्यालय तथा सडक पूर्वाधार विकास कार्यालयबाट तहाँ कार्यालय मातहतमा रहने गा.पा भित्रका बाटोको मापदण्ड सम्बन्धी विवरण माग गरिएको ।
- रानिमहल क्षेत्रको जग्गा व्यवस्थित गर्ने प्रयोजनको लागी नापी कार्यलय र विशेष नापी कार्यालय बाट नक्सा तथा क्षेत्रफल विवरण माग गरिएको ।
- यम्घा वडा नं.६ मा स्वास्थ्य इकाई निर्माण गर्ने प्रयोजनको लागी तहाँ कित्ता जग्गाको स्वामित्व र क्षेत्रफल विवरण उपलब्ध गराउन मालपोत कार्यालयबाट माग गरिएको ।

➢ कार्यालय तथा फिल्ड तर्फको अन्य थप कार्य विवरण

| क्र.सं | कार्य शिर्षक | कार्य विवरण (संख्या) | | |
|---|---|---|---|---|
| १. | घर नक्सा दर्ता | नियमित दर्ता ३ | | |
| २. | घरनक्सा प्रमाणपत्र वितरण | सम्पन्न प्र.प-११ | प्लिन्थलेभल-२ | सुपरस्ट्रक्चर - १ |
| ३. | फिल्ड सरजमिन | २७ | | |
| ४. | फिल्ड रेखांकन | ५ | | |

**प्रशासन शाखा**

- चालू आ.व. ०७९/८० को हालसम्मका प्रतिवेदन मुख्य सम्पादित कार्यहरु
- नव निर्वाचित जनप्रतिनिधिहरुको पद बहाली गरेको ६० दिन भित्र पेश भएका सम्पति विवरण, आ.व. को ६० दिन भित्र पेश भएका पदाधिकारीहरु तथा कर्मचारीहरुको सम्पति विवरण दर्ता गरि समन्धित निकायमा पेश गरेको
- आ.व. सुरु भएको ७ दिन भित्र पेश हुन आएका ७२ जना स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फाराम दर्ता गरि सम्बन्धि समिति तथा कार्यालयबाट सम्पन्न गरेको
- विविन्न सेवामा आवद्ध करार सेवाका कर्मचारीहरुको करार सम्झौता ३/३ महिनाको दुई पटक गरेको
- आ.व. ०७९/८० को बगनासकाली गाउँकार्यपालिकाको ७ वडा बैठक सम्पन्न गर्न सहयोग
- निजामती सेवा दिवस मनाउन सहयोग तथा सहभागिता
- ई-हाजिरीको रेकर्ड तथा दैनिक भ्रमणको रेकर्ड राखेको
- स्टाफ बैठक, सार्वजनिक सुनुवाई तथा गत आ.व. को प्रगति समिक्षामा सहयोग
- आ.व. २०७८/७९ को जिन्सी निरिक्षण गरि प्रतिवेदन पेश गरेको
- कार्यालय सहयोगी तथा अ.सब-इन्जिनियर पदको पदपूर्तिमा सहभागी र सहयोग नियमित प्रशासनिक कामकाजहरु
- कार्यालय सहयोगी, खा.पा.स.टे र रोजगार सहायकको विज्ञापन खोलिएको ।
- १३ औं हिउँदे गाउँसभाको पहिलो बैठक तथा गाउँसभा तयारी ।

**राजस्व शाखा**

- ९ वटै वडाका वडा सचिव, सहायक कम्प्युटर अपरेटर र गा.पा. राजस्व शाखाका कर्मचारीलाई अनलाइन व्यवसाय दर्ता/नविकरण सम्बन्धी अभिमुखीकरण गोष्ठी सञ्चालन ।
- एस.आर.डि.सि.एन.को सहजीकरणमा आन्तरिक राजस्व संङ्कलन तथा राजस्व सुधार योजना सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन ।
- कवाडी ठेक्का लगाउन सफल भै आन्तरिक आय वृद्धि हुन गएको ।
- कालीगण्डकी नदीको बगर क्षेत्रहरुको संक्षिप्त बातावरणीय अध्ययन गराउन कार्यसूचि स्वीकृत गरी सेवा प्रदायक संस्थासँग संम्झौता गरेको ।
- मनसुनजन्य विपद्बाट प्रभावित लाभग्राहीहरुले प्राप्त गरेको राहत सहयोगको विवरण तयार गरेको ।

- आन्तरिक तथा राजश्व आम्दानी विवरण तर्फ :

| क्र.सं. | विवरण | कर / शुल्क | जरिवाना | जम्मा |
|---|---|---|---|---|
| 1 | भुमि तथा मालपोत कर - 11314 | 58,748.50 | 2,070.60 | 60,819.10 |
| 2 | व्यवसाय कर - 14611 | 4,550.00 | 0 | 4,550.00 |
| 3 | सम्पत्ति कर - 11313 | 1,77,775.00 | 11,465.00 | 1,89,240.00 |
| 4 | अन्य कर - 11691 | 51,925.00 | 0 | 51,925.00 |
| 5 | अन्य दस्तुर - 14249 | 1,72,168.00 | 0 | 1,72,168.00 |
| 6 | अन्य प्रशासनिक सेवा शुल्क - 14229 | 3,56,342.00 | 0 | 3,56,342.00 |
| 7 | अन्य राजस्व ढुङ्गा,गिट्टी - 14529 | 2,69,960.00 | 0 | 2,69,960.00 |
| 8 | अन्य सेवा शुल्क - 14219 | 25,100.00 | 0 | 25,100.00 |
| 9 | एकिकृत सम्पत्ती कर - 11313 | 3,685.00 | 0 | 3,685.00 |
| 10 | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर - 11631 | 1,100.00 | 0 | 1,100.00 |
| 11 | घर बहाल कर - 11321 | 1,38,572.02 | 0 | 1,38,572.02 |
| 12 | नक्सापास दस्तुर - 14242 | 5,858.40 | 0 | 5,858.40 |
| 13 | नाता प्रमाणित दस्तुर - 14245 | 2,100.00 | 0 | 2,100.00 |
| 14 | प्रशासनिक दण्ड जरिवाना र जफत - 14312 | 1,750.00 | 0 | 1,750.00 |
| 15 | परीक्षा शुल्क - 14224 | 13,400.00 | 0 | 13,400.00 |
| 16 | पार्कीङ शुल्क - 14241 | 60,000.00 | 0 | 60,000.00 |
| 17 | ब्यक्तिगत घटन दर्ता दस्तुर - 14244 | 1,35,200.00 | 0 | 1,35,200.00 |
| 18 | बहाल बिरौटी कर - 11322 | 42,000.00 | 0 | 42,000.00 |
| 19 | बित्तिय तथा पुँजिगत कारोबारमा लाग्ने कर - 11351 | 675 | 0 | 675 |
| 20 | भुमि तथा मालपोत कर - 11314 | 49,769.00 | 0 | 49,769.00 |
| 21 | व्यावसाय रजिष्ट्रेशन दस्तुर - 11613 | 11,250.00 | 0 | 11,250.00 |
| 22 | सिफारिस दस्तुर - 14243 | 4,05,000.00 | 0 | 4,05,000.00 |
| | जम्मा | 19,86,927.92 | 13,535.60 | 20,00,463.52 |

## रोजगार सेवा केन्द्र प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

- आर्थिक वर्ष ०७८/०७९ को वार्षिक प्रगति मन्त्रालयमा पेश गरिएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगतको स्थानीय निर्देशक समिति गठन भएको छ ।
- समितिको गठन पश्चात समितिको पहिलो बैठक सम्पन्न र वडाहरुमा योजनाहरुको माग गरिएको छ ।
- चौमासिक प्रगति प्रतिवेदन पेश गरिएको ।
- बैदेशिक रोजगार बोर्डको सुचना अनुसार बिदेशबाट फर्किएका व्यक्तिका लागि पुन :एकिकरण कार्यक्रम संञ्चालन तथा तथ्याङ्क संकलन गर्ने भनि वडालाई पत्राचार गरिएको ।
- वडा नं. १ को ३ वटा योजनाहरु सम्झौता भएको ।
- रोजगार सहायकको विज्ञापन भएको ।

## जिन्सी व्यवस्थापन शाखा

- गाउँपालिका कार्यालय तथा मातहतका सबै निकायको जिन्सी निरीक्षण
- बार्षिक खरिद योजना निर्माणका लागि सहयोग गरिएको तथा खरिद इकाई समितिको बैठक - ९ पटक बसेको
- खप्ने जिन्सी सामान - ३ प्रकारका रहेका, नखप्ने जिन्सी सामान - ८५ प्रकारका रहेका
- दाखिला गरिएका सामान - ८८ प्रकारका रहेका

## बालमैत्री कार्यक्रम

१.बाल सञ्जालको नियमित बैटक ४ पटक सञ्चालन भएको ।

२. बालमैत्री सहजकर्ताको बैठक सञ्चालन २ पटक ।

३ राष्ट्रिय बाल दिवस भव्यताका साथ सम्पन्न गरिएको ।

४. रेडियो मदनपोखरा सगँ रेडियो बाल कार्यक्रम गर्ने सम्झौता भएको ।

## महिला, बालबालिका तथा सामाजिक विकास शाखा तर्फ

| सि. नं | सम्पन्न गरिएको कार्यको विवरण | कैफियत |
|---|---|---|
| १ | मासिक तथा चौमासिक प्रगति प्रतिवेदनहरु पेश | तत् तत् महिनाको मासिक तथा चौमासिक प्रगति प्रतिवेदनहरु समयावधिमै कार्यालय प्रमुख समक्ष पेश गरिएको । |
| २ | तीज विशेष कार्यक्रम | मिति २०७९ भाद्र ९ गतेको दिन गाउँपालिकाको सभाहलमा एक कार्यक्रम संचालन गरी सु-सम्पन्न गरिएको । |
| ३ | लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (दिवसीय कार्यक्रम) | मिति २०७९ मंसिर १९ गतेका दिन बगनासकाली गाउँपालिकाको सभाहलमा एक कार्यक्रम गरी सु-सम्पन्न गरिएको । |
| ४ | ज्येष्ठ नागरिक परिचय-पत्र वितरण तथा अद्यावधिक कार्य | यस अवधिको विभिन्न मितिमा जम्मा ११ ज्येष्ठ नागरिक परिचयपत्र वितरण तथा अद्याविधक कार्य गरिएको र यस अवधिसम्म जम्मा १९३ वटा ज्येष्ठ नागरिक परिचय-पत्र वितरण गरिएको जसमा महिला-७२ र पुरुष-१२१ रहेका छन्। |
| ५ | अपाङ्गता परिचयपत्र वितरण तथा अद्यावधिक कार्य | मिति २०७९/७/१ गतेका दिन स्थानीय अपाङ्गता समन्वय समितिको बैठकले निर्णय बमोजिम जम्मा १४ वटा अपाङ्गता परिचयपत्र वितरण गरिएको जसमा क वर्ग-१, ख वर्ग-१, ग वर्ग-५ र घ वर्ग-७ रहेका छन् ।<br>र यस अविधसम्म जम्मा ३९३ वटा अपाङ्गता परिचयपत्र वितरण गरिएको जसमा क वर्ग-६२, ख वर्ग-१३३, ग वर्ग-१२७, घ वर्ग-७० रहेका छन् । |
| ६ | अपाङ्गता सम्बन्धी परामर्श | यस अवधिमा जम्मा २२ जनालाई अपाङ्गता सम्बन्धी परामर्श दिइएको । |
| ७ | Lisa सम्बन्धी | स्व-मूल्याङ्कनका लागि शाखासंग सम्बन्धित आवश्यक कागजपत्रहरु सम्बन्धित Lisa को फोकल पर्सनलाई उपलब्ध गराएको। |
| ८ | लैससास सूचकाँक सम्बन्धी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा लैससास सूचकाँक सम्बन्धी उपलब्ध गराइएको चेक लिष्ट (एक पालिका एक चकलिष्ट) मा विवरण संकलन गर्ने कार्य गरी पठाइएको । |
| ९ | प्रशासनिक कार्य | नियमित रुपमा शाखासंग सम्बन्धित प्रशासनिक कार्यहरु गरिएको । |

## स्वास्थ्य शाखाबाट सम्पादन गरिएको कार्यहरुको बिवरण

१.सम्पूर्ण कार्यक्रमको गत आर्थिक बर्षको बार्षिक  समिक्षा सम्पन्न (पालिका,स्वास्थ्य कार्यालय पाल्पा )
२.क्षयरोग कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न ।
३.घर घरमा सुत्केरी परिक्षण PNC कार्यक्रमको बार्षिक समिक्षा तथा पुर्नताजकी कार्यक्रम सम्पन्न
४.बालरोगको एकिकृत ब्यवस्थापन कार्यक्रमको समिक्षा सम्पन्न ।
६.पोषण कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न ।
७.कोभिड १९ खोप कार्यक्रमको ब्यवस्थापन तथा योजना तर्जूमा कार्यक्रम सम्पन्न ।
८.स्वास्थ्य कार्यक्रमको बार्षिक खरिद योजना  तयार तथा आफ्नो दररेट तयार  गरिएको ।
९.पालिका स्तरिय स्वास्थ्य तर्फ रेपिड रेस्पोन्स टिमको बैठक सम्पन्न ।
१०.स्वास्थ्य सुचना प्रणालीको HMIS नया अपडेटको तालिम सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई २ चरणमा दिईएको
११.बगनासकाली गाउँपालिकाबाट कोभिड १९ बिरुद्धको खोपको QR कोडको प्रमाणिकरण तथा सेवाग्राहीलाई अनलाईन र्फम भर्न सहजिकरण गरी प्रिन्ट दिईएको । जम्मा ५४० जनालाई (पुरुष ४७२ महिला ६८) सेवा दिईएको  ।
१२.सुआहारा बेस नेपाल सगँ पोषण कार्यक्रमको सिकाई अनुभव आदान प्रदान कार्यक्रम गरिएको ।
१३.हरेक महिना ७ गते स्वास्थ्य संस्थाहरु सगँ मासिक समिक्षा बैठक सञ्चालन गरिएको ।
१४.नायरनमतलेस स्वा.चौ.मा कुपोषण उपचार केन्द्र OTC सञ्चालन गरिएको ।
१५.पालिका स्तरमा डेंगरोग सम्वन्धी  जानकारीमुलक कार्यक्रम सम्पन्न गरिएको ।
१६.स्वास्थ्यकर्मीहरुबाट बिद्यालयहरुमा डेंगुरोग सम्वन्धी स्वास्थ्य शिक्षा दिइएको ।
१७.बगनासकाली १ घोरबन्दामा फैलिइएको झाडापखालको महामारीमा स्वास्थ्यकर्मी परिचालन,अस्पताल सगँ समन्वय तथा माथिल्लो निकायको सहयोगमा अनुशन्धान गराईको र झाडापखालको उपचारमा लागेको खर्च भुक्तानीको प्रकृया अगाडि बढाइएको ।
२० स्वास्थ्यकर्मीहरुको क्षमता बिकासका लागि एपेक्स टेक्नोपार्क तानसेनको समन्वयमा  कम्प्यूटर सम्वन्धी १ हप्ते सम्वन्धी सञ्चालन गरिएको ।
२१.बालरोगको अनसाईड कोचिङ्ग कार्यक्रम र्दपुक,दर्लमडाँडा,खानीछाप र बरांदीमा सञ्चालन गरिएको ।
२२.क्षयरोगको प्रथम चौमासिक समिक्षा तथा कोहर्ट बिश्लेषणात्मक कार्यक्रम रिक्दीकोट गा.पा. र बगनासकाली गा.पा. को संयुक्त आयोजनामा बगनासकालीमा सम्पन्न गरिएको ।
२३. स्वास्थ्यकर्मीहरुको स्तरबृद्धि भएका कर्मचारीहरुको बधाई, नया आगमन भएका कर्मचारीहरुलाई स्वागत तथा सेवानिबृद्ध कर्मचारीलाई सम्मनजनक बिदाई कार्यक्रम सम्पन्न गरिएको ।
२४. गाउँपालिका प्रमुख,उप प्रमुख, प्रमुख प्रशसकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुख सहितको टोलीबाट लुम्बिनी मेडिकल कलेज प्रभासमा स्वास्थ्य कार्यक्रमको बारेमा छलफल गरिएको ।
२५ स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड  कार्यक्रमको बारेमा कार्यापालिकामा जानकारी गराईएको र चापपानी स्वास्थ्य चौकीमा फलेअप परिक्षण गरिएको छ ।

स्वास्थ्य शाखा तर्फ

- मेडिकल उपचार सेवा तर्फ १६,८७४ गोटा पशुपंक्षीमा सेवा प्रदान गरियो ।
- माईनर सर्जिकल उपचार सेवा ११०३ गोटा पशुपंक्षीमा सेवा प्रदान गरियो ।
- गाईनाकोलोजिकाल उपचार सेवा १७२१ गोटा पशुपंक्षीमा सेवा प्रदान गरियो ।
- आन्तरिक परजिवि नियन्त्रण सेवा १३५४४ गोटा पशुपंक्षीमा सेवा प्रदान गरियो ।
- बाह्य परजिवि नियन्त्रण सेवा १७४१३ गोटा पशुपंक्षीमा सेवा प्रदान गरियो ।
- प्रयोगशाला सेवा ६०७ गोटा पशुपंक्षीमा सेवा प्रदान गरियो ।
- रेविज भ्याक्सिनेशन सेवा १०० गोटा कुकुरमा रेविज विरुद्ध भ्याक्सिनेशन गरियो ।
- कृत्रिम गर्भाधान सेवा १०३ गोटा गाईभैसिमा कृत्रिम गर्भाधान गरियो ।
- हिउँदे घाँसको विउँ(जै र वर्षिक) खरिद तथा वितरण
- जै घाँसको विउ : ९०० के.जि. ५५ जाना कृषकलाई वितरण गरियो ।
- वर्षिमको विउ : ५० के.जि. २६ जाना कृषकलाई वितरण गरियो ।
- पशुपंक्षी मृत्यु प्रमाणित  १७ गोटा पशुको गरियो ।
- विभिन्न सिफारिस २४ वटा गरियो ।
- पशुपंक्षी औषधी खरिद तथा वितरण गरियो ।

# स्वास्थ्य संस्थाहरु तर्फ

| क.स. | स्वास्थ्य संस्थाको नाम | जम्मा सेवाग्राही | | ओ.पि.डी. मा आएका बिरामी | | खोप क्लिनिक | गाँउघर क्लिनिक | म.स्वा.स्वं.से. | वृद्धि अनुगमन | | गर्भ जाँच | सुत्केरी जाँच | सुत्केरी | परिवार नियोजन | सुरक्षित गर्भपतन | प्रयोगशाला | भिटामिन ए | जुकाको औषधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | म | पु | | | | ०-११म | १२-२३ म | | | | | | | | |
| १ | चिर्तुङ्गधारा स्वा.चौ. | ७५७ | ५०१ | ४९८ | ३६५ | १७७ | ७०८ | १०८५ | २५१ | २३२ | ३९ | २१ | - | ६४६ | - | - | ३०६ | ७१६ |
| २ | पोखराथोक स्वा.चौ | १०२३ | ७१२ | ६९७ | ५०४ | १०१ | ४९३ | ६१९ | १२३ | ५६ | १९ | ३ | - | ५५७ | - | - | १४४ | ४२० |
| ३ | नायरनमतलेस स्वा.चौ. | १२९८ | ८८४ | ७७४ | ५२७ | ६८ | ५९५ | ८६९ | ९२ | ११२ | २३ | १५ | १ | ६०३ | १० | ३२५ | १३५ | ४९४ |
| ४ | खानीछाप स्वा.चौ. | ५५४ | ३८४ | ३९८ | २२८ | ६२ | २६१ | ८९३ | ७२ | ६६ | २४ | १० | ४ | ५५५ | २ | - | १०६ | ५४६ |
| ५ | दर्लमडांडा स्वा.चौ | ५१२ | ३७७ | २९३ | २६२ | ७९ | ५२१ | ७२३ | ६३ | ७१ | २६ | १४ | - | २४९ | - | - | १४४ | ४४८ |
| ६ | यम्घा स्वा. चौ | ७६३ | ५८६ | ४२६ | ३२१ | १०७ | ५५२ | ८२५ | ११२ | ११३ | २६ | १७ | - | २६६ | - | - | २३४ | ४६७ |
| ७ | दर्पुक सामुदायिक स्वास्थ्य इकाई | ५१४ | ४२३ | २७९ | २५७ | - | - | - | २६ | १७ | १३ | - | - | ९३ | - | - | - | ८३ |
| ८ | खानीगाँउ स्वा. चौ | ६१८ | ५०४ | ३३७ | ३१७ | ६८ | ५९४ | ५५२ | ८० | १२२ | ११ | १२ | ३ | ३०७ | - | - | १३२ | १२१ |
| ९ | बराङ्गदी स्वा.चौ | ५२४ | ३४१ | ३९८ | २५८ | २८ | २६७ | ३०७ | ३४ | ४५ | ९ | ६ | | १०७ | - | - | ६७ | २५३ |
| १० | चापपानी स्वा. चौ | ८३३ | ४११ | ५१९ | ४४० | १०२ | ७८६ | १०२० | ५५ | ७८ | २९ | १७ | ७ | ३३० | ७ | २५८ | १४८ | १४२ |
| | जम्मा | ७३९६ | ५१२३ | ४६१९ | ३४७९ | ७९२ | ४७७७ | ६८९३ | ९०८ | ९१२ | २१९ | ११५ | १५ | ३७१३ | १९ | ५८३ | १४१६ | ३६९० |

# आयुर्वेद स्वास्थ्य सेवा बराङ्दी आयुर्वेद औषधालयतर्फ

## औषधालयको सामान्य जानकारी

| | |
|---|---|
| आयुर्वेद औषधालय | १ |
| आयुर्वेद गाउँघर क्लिनिक | १ |
| सप्ताहिक क्लिनिक | १ |

| सूचकाङ्क | |
|---|---|
| १.स्वास्थ्य संस्थाको स्वामित्व, (जग्गाधनी पुर्जा) | रहेको |
| २.स्वास्थ्य संस्थाका आफ्नै भवन | नभएको |
| ३.सेवाग्राही र सेवा प्रदायकलाई छुट्टा छुट्टै शौचालयको सुविधा | नभएको |
| ४.खानेपानीको नियमित उपलब्धता | भएको |
| ५.टेलिफोन उपलब्धता | भएको |
| ६.विद्युतको उपलब्धता | भएको |
| ७.सोलार ब्याकअप | नभएको |
| ८.इन्टरनेट सुविधा | भएको |
| ९.कम्प्युटर | भएको |
| १०.मोटर र स्वास्थ्य संस्था बिचको दुरी | ३०० मि. |

| | उपकरण सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|---|
| क.स. | उपकरणको नाम | | हालको अवस्था | | बिग्रेको मध्ये मर्मत गरी कामलाग्न सक्ने |
| | | सङ्ख्या | सञ्चालनमा | बिग्रेको | |
| १ | वि.पि. सेट | ४ | २ | २ | × |
| २ | अक्सिमिट® | १ | १ | × | |
| ३ | किड्नी ट्रे | २ | २ | × | |
| ४ | सिजर | १ | १ | × | |
| ५ | फोरसेप | २ | २ | × | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | वेट मेसिन | ३ | २ | १ | × |
| ७ | गल्कोमिटिर | २ | १ | १ | × |
| ८ | थर्मोमिटर डिजिटल | २ | २ | × | |
| ९ | अटोक्लेभ | १ | १ | × | |
| १० | थर्मलगन | १ | १ | | × |
| ११ | इ एन टि सेट | १ | १ | | |
| १२ | प्रेसर कक्कर १० लि. | १ | १ | × | |
| १३ | स्नेहन स्वेदन बक्स | १ | १ | × | |
| १४ | सिरोधारा टेबल | १ | १ | × | |

## कृषि पशु तथा आयुर्वेद इकाइतर्फ

आयुर्वेद तर्फ भएका कार्यहरु

| विबरण | महिला | पुरुष | विबरण | महिला | पुरुष |
|---|---|---|---|---|---|
| सेवा लिएको जम्मा संख्या | २६० | १६० | उच्च रक्तचाप | ४० | २० |
| जेष्ठ नागरिक सख्या | ३० | २० | ग्रनथि, अर्वुद जन्य रोग | ० | ० |
| स्तनपान आमाको संख्या | २० | | अन्त स्राव ग्रन्थीजन्य रोग | १५ | |
| वात व्याधी | ५० | ४० | मानसिक रोग | २ | २ |
| जीर्ण श्वास | ३० | १३ | परामर्श सेवा | ५० | ४० |
| मधुमेह | १५ | १९ | अन्य | ५५ | २९ |

## पशु तर्फ वडा नं.३ नायरनम्तलेसमा भएका कार्यहरु

| सि.न. | कायंक्रम तथा क्रियाकलापहरु | जम्मा सेवाग्राहि संख्या |
|---|---|---|
| १ | मेडिकल उपचार सेवा | ५७३ |
| २ | माइंनर सजिंकल सेवा | २० |
| ३ | गाईनोलोजिकल उपचार सेवा | ९ |
| ४ | आन्तरिक परजिवि नियन्त्रण सेवा | १८४७ |
| ५ | बाह्य परजिवि नियन्त्रण सेवा | १३०२ |
| ६ | प्रयोगशाला सेवा | २०१ |
| ७ | ईपिडेमियोलोजिकल रिपोटिङ्ग | ५ |
| ८ | मासिक प्रगति प्रतिवेदन | ८ |
| ९ | अन्य सेवा | ३० |

## कृषि तर्फ वडा नं. ३ नायरनम्तलेसमा भएका क्रियाकलाप

| सि.न. | कार्यक्रम तथा क्रियाकलाप | परिमाण |
|---|---|---|
| १ | कृषि संजाल पुनरगठन | २ |
| २ | कृषि संजाल बैठक | ५ |
| ३ | सहकारी तथा समुह बैठक | ६ |
| ४ | विउबिजन बितरण (गाउँपालीका बाट प्राप्त) | काउली १५,साग ४० |